महाबु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गैडाबाज, दैलेख

## गाउँपालिकाको लोगो डिजाइन सम्बन्धी प्रस्ताव आह्वानको सूचना !

पहिलो पटक सूचना प्रकाशन मितिः २०७९ चैत्र १९

महाबु गाउँपालिका, गाउँ कार्यपालिकाको मितिः २०७९।१२।१७ गतेको निर्णयानुसार महाबु गाउँपालिकाको ऐतिहाँसिक, भौगोलिक, प्राकृतिक, सामाजिक, साँस्कृतिक एवं विशिष्ट मौलिक पहिचान झल्कने लोगो निर्माण गरी प्रयोगमा ल्याउने प्रयोजनार्थ लोगो डिजाइन गर्न इच्छुक व्यक्ति/संस्थाले तपसिलका सर्तमा रही लोगो डिजाइन गरी खामबन्दी e-copy सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

१. **लोगो डिजाइन सम्बन्धमा**

१.१. समग्र गाउँपालिकाको भौगोलिक, प्राकृतिक, सांस्कृतिक तथा सामाजिक चरित्र झल्कने तथा पालिका गानलाई सम्बोधन गर्ने प्रकृतिको हुनुपर्नेछ ।

१.२. लोगोमा नेपालको झण्डा र गाउँपालिकाको नाम अनिवार्य समावेश हुनुपर्ने ।

१.३. धार्मिक, जातीय साम्प्रदायिक विभेद झल्किने तथा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डतामा प्रतिकूल असर गर्ने संकेत प्रयोग गर्न पाइनेछैन ।

१.४. अन्य गाउँपालिकाको लोगोबाट प्रभावित नै डिजाइन गरिएको भए त्यसरी साभार गरिएको लोगोलाई सन्दर्भको रुपमा लिनुको कारण उल्लेख गर्नुपर्ने हुन्छ।

२. **प्रस्ताव पेश गर्नका लागि प्राथमिकता**

२.१. प्रस्ताव पेश गर्ने कार्यका लागि खुल्लारुपमा यो सूचना प्रकाशन गरिए बमोजिम सबैको सहभागिताका लागि खुल्ला गरिएको छ । सबै सरकारी, सामुदायिक तथा सो प्रकृतिका संस्थामा कार्यरत कर्मचारीहरु समेत सहभागि हुन पाउनेछन ।

३. **डिजाइनसाथ पेश गर्नुपर्ने कागजातहरु**

३.१. लोगोमा प्रयोग भएका रङ्ग र चित्रहरुले अभिव्यक्त गर्ने अर्थको व्याख्या तथा विश्लेषण ।

३.२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी विद्यार्थीको हकमा विद्यालयमा अध्ययनरत भएको भए विद्यालयको पत्र, सम्बन्धित वडा कार्यालयको सिफारिश र सम्पर्क नम्बर ।

४. **डिजाइन पेश गर्न सकिने माध्यम**

४.१. डिजाइन गरिएको लोगो र झण्डाको रंगीन प्रिन्ट ए ४ साइजको कागजमा तथा सोको सफ्टकपी समेत यस कार्यालयको प्रशासन शाखामा पेश गर्नुपर्नेछ । विद्युतीय माध्यमबाट पेश गर्नका लागि mahabugaupalika74@gmail.com र ito.mahaburmun@gmail.com मा पठाउन सकिनेछ ।

५. **पारिश्रमिक तथा सुविधा**

५.१. प्राप्त हुन आएका मध्येबाट गाउँपालिकाले छनौट गरेको सर्वोत्कृष्ट लोगोको डिजाइनकर्तालाई रु १०,०००/- (दश हज़ार मात्र। का दरले पारिश्रमिक तथा प्रमाणपत्र उपलब्ध गराइनेछ ।

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत